## हामी तपाईंको मद्दत गर्न सक्छौँ

धेरै बालबालिकाहरूमा जन्मजात असक्षमता हुनसक्छ वा पछि असक्षमता विकसित हुनसक्छ जसले गर्दा उनीहरूको सामान्य वृद्धि र विकास चुनौतीपूर्ण हुने र विद्यालयमा सफलता हासिल गर्न असर गर्दछ।

भाग्यवश, आमाबुवाले यस्तो समस्याको छिट्टै पहिचान गरेर मद्दत खोजेमा यस्ता धेरै समस्याहरू ठीक हुन सक्छन्।

तपाईंको बच्चालाई विशेष आवश्यकता छ जस्तो लाग्छ भने, तल दिइएको कुनै एउटा नम्बरमा सम्पर्क गर्नुहोस्। तपाईंको बच्चाले देखाउनु भएको कुनै विशेष व्यवहार वा अनुभव गर्नुभएको सम्भावित कठिनाईहरूबारे ध्यानाकर्षण गराउन र/वा केही सल्लाह लिनका लागि उहाँहरूलाई फोन गर्न नहिच्किचाउनुहोस्। यति याद राख्नुहोस् कि तपाईंले आफ्नो बच्चाको विशेष आवश्यकताबारे जति छिटो पहिचान गरेर मद्दत खोज्नुहुन्छ, त्यत्ति नै तपाईंको बच्चालाई मद्दत गर्न सकिने सम्भावना बढी हुन्छ। केन्टकी प्रारम्भिक हस्तक्षेप प्रणाली (Kentucky Early Intervention System (KEIS)) कार्यक्रम र तपाईंको स्थानीय विद्यालय डिस्ट्रिक्टलाई बालबालिकाहरुको व्यक्तिगत आवश्यकताहरू सम्बन्धी योजना बनाउनका निम्ति जन्मदेखि 21 वर्षसम्म उमेरका र चुनौतीहरुको सामना गरिरहेका सबै बालबालिकाहरुबारे जान्न आवश्यक रहेको छ।

थप जानकारी र सहायताका लागि, यसमा सम्पर्क गर्नुहोस्:

**KEIS कार्यक्रम**
जन-स्वास्थ्य विभाग
275 E. Main St., HS2W-
(Department for Public Health (DPH))
Frankfort, KY 40621
(502) 564-3756,
टोल फ्री - (877) 417-8377
(or 1-877-41STEPS)
फ्याक्स: (502) 564-0329

**केन्टकी शिक्षा विभाग (Kentucky Department of Education (KY DOE))**
3-21 वर्षसम्म
विशेष शिक्षा तथा प्रारम्भिक शिक्षा कार्यालय
(Office of Special Education and Early Learning (OSEEL))
300 Sower Blvd.
Frankfort, KY 40601
502-564-4970

यहाँ स्ट्याम्प लगाउनुहोस्

प्रति

# के तपाईं विशेष आवश्यकता भएको कुनै बालबालिकालाई चिन्नुहुन्छ?



KY DOE

निम्नलिखित प्रारम्भिक चेतावनी सङ्केतहरू केही यस्ता सामान्य सङ्केतहरू हुन् जसले विशेष आवश्यकता रहेको सङ्केत दिन सक्छ। तपाईंलाई आफ्नो बच्चालाई कुनैपनि कारणले विशेष आवश्यकताहरू रहेको छ जस्तो लाग्छ भने, हामी तुरुन्तै मद्दत खोज्न आग्रह गर्दछौं। तपाईंको बच्चा विद्यालय जाने उमेरको भएपछि मात्र उक्त चिन्ताको सामना गर्न सुरु गर्छु भनेर नपर्खनुहोस्।

## सुनाइ

- 6 महिनाको हुँदासम्म पनि अनौठो आवाज र स्वर आउँदा त्यसता आवाजको स्रोतको दिशा तर्फ नफर्किने।
- दीर्घकालीन कान दुख्ने वा कानबाट पानी बग्ने समस्या छ।
- असामान्य रूपमा ठूलो स्वरमा कुरा गर्ने।
- आफूले सुन्न चाहेको आवाजतिर उही कान फर्काउने।

## सोचाइ

- 9 महिनाको हुँदासम्म कसैले उसको नामले बोलाउँदा पनि कुनै प्रतिक्रिया नदिने।
- 2 वर्षको हुँदासम्म औंलाले देखाउँदै कपाल, आँखा, कान, नाक र मुख चिन्न नसक्ने।
- 3 वर्षको हुँदासम्म पनि सामान्य कथाहरू भनेर वा पढेर सुनाउँदा पनि नबुझ्ने।
- 4 वर्षको हुँदासम्म पनि “तिमीलाई निन्द्रा लाग्यो भने के गर्छौं?” वा “भोक लाग्यो भने के गर्छौं?” जस्ता प्रश्नहरूको उपयुक्त जवाफ नदिने।
- 5 वर्षको हुँदासम्म पनि “आज”, “भोलि” वा “हिजो” जस्ता शब्दहरूको अर्थ नबुझेको जस्तो देखिने।
- कुनै पनि उमेरमा आफ्ना विचारहरू स्पष्ट रूपमा भन्न कुनै शब्दहरू नभेटको जस्तो देखिने।

## हेराइ

- 6 महिनाको हुँदासम्म पनि खेलौनासम्म हात बढाउन र समात्न नसक्ने।
- प्रायः खसेका स-साना वस्तुहरू भेटाएर उठाउन नसक्ने।
- बारम्बार आँखाहरू मिचिराख्ने वा आँखा दुख्यो भनेर गुनासो गर्ने।
- आँखा रातो हुने, आँखा रसिलो हुने वा आँखाको पलकमा सूखा पदार्थ जम्ने
- कुनै विशेष व्यक्ति वा वस्तुतर्फ हेर्ने प्रयास गर्दा अस्वाभाविक वा अप्ठ्यारो स्थितिमा टाउको राख्ने (टाउको दुवैतिर झुकाउने–टाउको अगाडि वा पछाडि धकेल्ने)।
- कहिलेकाहीँ वा सधैँ एक वा दुवै आँखा डेढो हुने।
- प्राय आँखा धमिलो भयो र टाउको दुख्यो भनेर गुनासो गर्ने।



## बोलाइ

- 9 महिनाको हुँदासम्म पनि “आमा” वा “बुवा” भन्न नसक्ने।
- 2 वर्षको हुँदासम्म पनि केही खेलौना र मानिसहरूको नाम भन्न नसक्ने।
- 3 वर्षको हुँदासम्म पनि सामान्य कविता वा टिभीमा देखाइने विज्ञापनका गीतहरू दोहोऱ्याउन नसक्ने।
- 4 वर्षको हुँदासम्म पनि छोटो वाक्यहरूमा कुरा नगर्ने।
- 5 वर्षको हुँदासम्म पनि परिवारभन्दा बाहिरका मानिसहरूले बुझ्न नसक्ने।
- शब्दहरू स्पष्ट रूपमा उच्चारण गर्न नसक्ने; कुनैपनि उमेरमा पनि बोली नबुझिने र अप्ठ्यारो हुने।

## चाल

- 9 महिनाको हुँदासम्म पनि ठाडो बस्न नसक्ने।
- 2 वर्षको हुँदासम्म पनि कसैको सहाराविना हिँड्न नसक्ने।
- 3 वर्षको हुँदासम्म पनि सिँढी तल/माथि नहिँड्ने।
- 4 वर्षको हुँदासम्म पनि केही समयको लागि पनि एउटा खुट्टामा सन्तुलित भएर उभिन नसक्ने।
- 5 वर्षको हुँदासम्म पनि बल फाल्न नसक्ने र आफूतिर आइरहेको ठूलो बल समात्न नसक्ने।
- सन्तुलनमा उल्लेखनीय परिवर्तन देखा पर्ने; चाल सुरु गर्न वा रोक्न नसक्ने।

## घुलमिल

- 9 महिनाको हुँदासम्म पनि बाई-बाई भनेर हात नहल्लाउने वा पिक-अ-बू र प्याटीकेक जस्ता खेलहरू नखेल्ने।
- 2 वर्षको हुँदासम्म पनि आमाबुवाले गरेको नियमित घरायसी कामहरूको नक्कल नगर्ने।
- 3 वर्षको हुँदासम्म पनि एकलै खेलौनाहरू, भाँडाकुटी, बालुवा, इत्यादि खेल्दा रमाइलो नमान्ने।
- 3 वर्षको हुँदासम्म पनि लुकामारी र ट्याग बल, इत्यादि जस्ता सामूहिक खेलहरू नखेल्ने।
- 5 वर्षको हुँदासम्म पनि केही कुरा बाँड्ने नगर्ने र पालो नकुर्ने।
- व्यक्तित्व वा मनोदशामा केही परिवर्तन भए जस्तो देखिने।